# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (१०), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, वैशाख ०८ गते २०८३ साल, सङ्ख्या १**

**भाग-२**

**सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# सूर्योदय नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (छैटौँ संशोधन) कार्यविधि, २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८३।०१।०७

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ मा समयसापेक्ष सुधार गरी निर्माण व्यवसायीहरुको ठाउँसारी सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०१ (२) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम **“सूर्योदय नगरपालिकाको ‘घ’ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (छैटौँ संशोधन) कार्यविधि, २०८३”** रहेको छ ।

(२) यो कार्यविधि सूर्योदय नगरपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ लाई सम्झनु पर्दछ ।

३. **मूल कार्यविधिको दफा २ मा संशोधन:** सूर्योदय नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ (नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था) को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) सम्बन्धित निकायबाट ठाउँसारी भई आएका निर्माण व्यवसायीहरुले कार्यविधिको अनुसूची ५ का शर्तहरु पुरा गरेको भएमा यस नगरपालिकामा ठाँउसारी गर्न सकिनेछ ।"

आज्ञाले

विज्ञान कोइराला

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत